पाठ ३

# जीवन-साथी चुन्ने काम

आफ्नी दुलही हुनको निम्ति ठीक केटी भेट्टाएको छु भनी जवान मानिसले कसरी थाहा पाउँछ? आफ्नो पूरै जीवन नै उससँग बिताउनको निम्ति जवान केटीले त्यस केटालाई कसरी छान्न सक्छिन्? ठीक जीवन-साथी चुन्ने महत्त्वपूर्णतालाई पूरै रूपमा बुझ्नुहुने परमेश्वर आफैले यसो भनी प्रतिज्ञा गर्नुभएको छ, "अनि परमप्रभुले तिमीहरूलाई *निरन्तर* डोऱ्याउनुहुनेछ र सुखा ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ" (यशैया ५८:११)।

प्रार्थना र विवाहको सम्बन्धमा बाइबलले भनेका कुरालाई ईमानदारीसाथ हेरेकाले धेरै जवान-जवानीहरूले आफैलाई दुःखदायिक छनाइबाट बचाएका छन्। जीवनप्रति अर्को व्यक्तिको प्रवृत्ति, हेराइ र बानीबेहोरालाई विचार गर्नुपर्छ भन्ने महत्त्वपूर्णतालाई हामी यस पाठमा पत्ता लगाउनेछौं। ईश्वरीय सिद्धान्तहरूमा निर्माण भएका र नभएका विवाहहरूबाट पनि



महत्त्वपूर्ण पाठहरू सिक्नेछौं। आफ्नो प्रत्येक सन्तानको लागि कोचाहिँ "ठीक" छ भन्ने कुरा परमेश्वरलाई थाहा छ, र यस महत्त्वपूर्ण निर्णयमा उहाँको इच्छालाई ईमानदारितासाथ खोज्नेहरूलाई उहाँले अवश्य पनि अगुवाइ गर्नु नै हुन्छ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

छनाइको महत्त्वपूर्णता
परमेश्वरको अगुवाइ
बाइबलका स्तरहरू
व्यक्तिगत गुणहरू
परिस्थितिहरू
एक-अर्काप्रति प्रेम र स्वीकार
परमेश्वरको इच्छाको निश्चयता

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- जीवन-साथी चुन्ने काम किन धेरै महत्त्वपूर्ण छ, त्यसका कारणहरू दिन सक्न।
- जीवन-साथी चुन्दा ख्रीष्टियानलाई परमेश्वरको वचनमा पाइएको सिद्धान्तहरूले अगुवाइ गरेकै हुनुपर्छ। त्यसैले यो सूची बनाउन सक्न।
- जीवन-साथीमा हुनैपर्ने चरित्रहरूको परिचित गर्न।

## छनाइको महत्त्वपूर्णता

तपाईंको जीवन-साथी हुने व्यक्तिलाई छान्ने काम अति नै महत्त्वपूर्ण कुरा हो। किन? यसका धेरै कारणहरू छन्। पहिलो, तपाईंको जीवनमा तपाईंको जीवन-साथीले पार्ने प्रभावको कारणले यो महत्त्वपूर्ण छ। तपाईंले विवाह गर्नुहुने व्यक्तिले तपाईंको जीवन बनाउनमा सहायता पुऱ्याउनेछ। उनले वा तिनले तपाईंको जीवन प्रक्रियालाई कि ता धार्मिकता र स्वर्गतर्फ कि पाप र नरकतर्फ मोड्न सक्छ। तपाईंको जीवन-साथीको प्रभावले कि ता अनन्त आनन्दको उद्देश्यमा पुग्न तपाईंलाई सहायता गर्छ, कि भने साँचो आनन्दको एक मात्र मुहान परमेश्वरबाट तपाईंलाई टाढ़ा लैजाने कोशिश गर्छ। तपाईंले छान्नुभएको जीवन-साथीले तपाईंले परमेश्वरलाई प्रेम गर्न, सेवा गर्न र उहाँको आज्ञा पालन गर्न कि ता सजिलो वा कठिन बनाइदिन सक्छ।

दोस्रो, यो जीवनभरिको निम्ति भएको हुनाले यो महत्त्वपूर्ण छ। यदि तिनीहरू एकैसाथ जिउन सकेनन् भने छोड़पत्र गर्ने उद्देश्य राखेर ख्रीष्टियानहरूले कहिल्यै विवाह गर्दैनन्। यदि तपाईंसँग साइकल वा गाड़ी छ र त्यसलाई तपाईंले मन पराउनुभएन भने त्यसलाई बेचेर अर्को किन्न सक्नुहुन्छ। तर

पत्नी वा पतिसँग तपाईं यसो गर्न सक्नुहुन्न। विवाह जीवनभरिको लागि हो भनी बाइबलले सिकाउँछः

> उदाहरणको लागि, एउटी विवाहित स्त्री उसको पति बाँचुञ्जेल आफ्नो पतिसँग कानूनले बाँधिएकी हुन्छे, तर यदि उसको पति मऱ्यो भने पति सम्बन्धको कानूनबाट ऊ मुक्त हुन्छे (रोमी ७:२)।
>
> यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, मानिसले नछुट्ट्याओ (मर्कूस १०:६)।

ख्रीष्टियानहरूका निम्ति कोशिश (अनुसन्धान) विवाह भन्ने छैन, अर्थात् वास्तविक विवाह गर्नुभन्दा पहिले कसरी एकसाथ बस्न सकिन्छ भनी केही समयको लागि एकैसाथ बस्ने काम। परमेश्वरका स्तरहरूअनुसार यो गल्ती हो– यसलाई व्यभिचार भनिन्छ।

जीवनभरि नै सङ्गै रहने जीवन-साथीको छनोट धेरै महत्त्वपूर्ण भएको हुनाले, हतार गरेर छान्ने काम गरिनुहुँदैन। विवाह आनन्दित होस् भनेर परमेश्वरको वचनले छान्ने काममा प्रयोग गर्नलाई केही आधारभूत सिद्धान्तहरू दिएको छ।

### तपाईंको अभ्यासको निम्ति

१ पति वा पत्नी छान्ने काम धेरै महत्त्वपूर्ण छ भनी देखाउने दुइ कारणहरू दिनुहोस्। ..........................................

..................................................................

२ जीवन-साथी छान्नको लागि आवश्यक आधारभूत सिद्धान्तहरू-लाई तपाईं कहाँ पाउन सक्नुहुन्छ? ................................

## परमेश्वरको अगुवाइ

### अगुवाइ गर्नलाई परमेश्वरको इच्छा

यदि तपाईं परमेश्वरका बालक हुनुहुन्छ भने, परमेश्वरले तपाईंको निम्ति उत्तम जीवन-साथी उपलब्ध गरिदिनुहुन्छ भन्ने कुरामा तपाईं निश्चित हुनुहोस्।

आदमलाई आवश्यक परेकै जस्तो जीवन-साथी हुनलाई परमेश्वरले हव्वालाई बनाउनुभयो। तपाईंले आफ्नो विषयमा जति जान्नुहुन्छ, त्यसभन्दा बढ़ी तपाईंको विषयमा परमेश्वरलाई थाहा छ र तपाईंको निम्ति कुनचाहिँ व्यक्ति उत्तम जीवन-साथी बन्न सक्छ सो उहाँलाई एकिन थाहा छ। उहाँले तपाईंलाई प्रेम गर्नुहुन्छ र तपाईंलाई सहायता गर्न चाहनुहुन्छ।

यसकारण, जीवन-साथी छान्नुभन्दा पहिल्यै, परमेश्वरले छान्नुभएको व्यक्तितर्फ डोऱ्याउनुहोस् भनी परमेश्वरसँग बिन्ती गर्न नभुल्नुहोस्। यस बारेमा प्रार्थना गर्नुहोस् र प्रभुको अगुवाइलाई पछ्याउनुहोस्। "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ (याकूब १:५)।

**तपाईंको अभ्यासको निम्ति**

**३** जीवन-साथीलाई छान्नुभन्दा पहिले तपाईंले के गर्नैपर्छ?

...........................................................................

### परमेश्वरले कसरी अगुवाइ गर्नुहुन्छ

कससँग विवाह गर्नैपर्छ भनी परमेश्वरले एक व्यक्तिलाई कसरी थाहा दिन चाहनुहुन्छ? परमेश्वरले विभिन्न तरीकाद्वारा

यस विषयमा आफ्ना छोराछोरीहरूलाई अगुवाइ गर्नुहुन्छ। एक ख्रीष्टियानले यी सबै तरीकाहरूमा परमेश्वरको अगुवाइलाई खोजी गर्नैपर्छ।

पहिलो, जीवन-साथी छान्ने व्यक्ति निश्चित हुनैपर्छ कि बाइबलमा भएको सिद्धान्तअनुसार नै छान्ने काम भएको छ। याद गर्नुपर्ने दोस्रो कुराचाहिँ यो होः दुवै जनाका व्यक्तिगत गुणहरू एक-अर्काका लागि मिल्दाजुल्दा छन् त? तेस्रो, विवाहलाई सम्भव तुल्याउनको निम्ति परिस्थितिहरूले एकैसाथ काम गर्नैपर्छ। एक-अर्काप्रतिको प्रेम र स्वीकार हुनैपर्छ। र अन्तमा, परमेश्वरको इच्छाको निश्चयता पनि हुनैपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

४ जीवन-साथी चुन्ने क्रममा परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुहुँदा प्रयोग गर्नुहुने पाँच तरीकाहरूलाई कण्ठ गर्नुहोस्। त्यसपछि आफ्नो अभ्यास-पुस्तिकामा ती लेख्नुहोस्।

## बाइबलका स्तरहरू

पहिलो र सबैभन्दा महत्त्वपूर्ण तरीकाचाहिँ त्यही नै हो, जहाँ परमेश्वरले आफ्नो वचनद्वारा तपाईंलाई अगुवाइ गर्नुहुन्छ। तपाईंले पालन गर्नुपर्ने केही-केही नियमहरू उहाँले बाइबलमा दिनुभएको छ। उहाँको अगुवाइ उहाँको वचनको विपरीत हुँदैन भन्ने कुरामा निश्चित हुनुहोस्। ख्रीष्टियानहरूका निम्ति दुइओटा नियमहरू यस प्रकार छन्ः

१ ) ख्रीष्टियानसँग मात्र विवाह गर्नुहोस्, २ ) आफू मञ्जुर छु भन्ने कुरामा निश्चित हुनुहोस्।

**ख्रीष्टियानसँग मात्र विवाह गर्नुहोस्**

जस-जसले आफ्नो घर निर्माण गरिसकेका छन्, तिनीहरूका जीवन-साथीहरू ख्रीष्टियान वा अख्रीष्टियान जो नै भए पनि तिनीहरूप्रति ठूलो नैतिक जिम्मेवारी छ। तर तपाईं अहिलेसम्म अविवाहित ख्रीष्टियान हुनुहुन्छ भने, तपाईंले अविश्वासीलाई विवाह गरेको परमेश्वर चाहनुनै हुन्न भन्ने कुरामा निश्चित हुनुहोस्।

> अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ। किनकि धर्म र अधर्मको के साझेदारी हुन्छ? अथवा अँध्यारोसँग उज्यालोको के सहभागिता? (२ कोरिन्थी ६:१४)।

दुइ जना प्रख्यात जवान मानिसहरूका बारेमा हामी बाइबलमा पढ्छौं, जसले परमेश्वरमा विश्वास नगर्ने स्त्रीहरूलाई विवाह गरी ठूलो भूल गरेका थिए। तिनीहरू शिमसोन र सोलोमन हुन्। शिमसोनले एक जवान केटीलाई असाध्यै मन पराए, जो विश्वासी थिइन्। आफ्नै विश्वासी मानिसहरूका बीचबाट विवाह गर्नुपर्छ भनी उनका आमा-बाबुले उनलाई सल्लाह दिए, तर उनले तिनीहरूका कुरा सुनेनन्। उनको पहिलो विवाह शुरूदेखि नै डरलाग्दो किसिमले असफल भयो। तरै पनि उनले परमेश्वरका स्तरहरूको पालन गरेनन्। दोस्रो चोटि पनि अविश्वासीसँग संलग्न भएपछि यसले उनलाई व्यक्तिगत कष्ट र मृत्युमा पुऱ्यायो। राजा सोलोमनलाई पनि फारोकी छोरी (१ राजा ३:१), एक अविश्वासीले नै परमेश्वरबाट तर्काएर लगेकी थिईं। यस्तो डरलाग्दो पाप गरिसकेपछि उनले मूर्तिपूजक धेरै स्त्रीहरूलाई लिए र मूर्तिपूजाको पनि समर्थन गरे, जसको फलस्वरूप उनको राज्यमाथि परमेश्वरको दण्ड आएको थियो (१ राजा ११:१-११)।

त्यसैले मित्रता कायम राख्ने कुरामा होशियार हुनुहोस्। केटा र केटीहरू एक-अर्कातर्फ सधैंभरि नै आकर्षित हुन्छन्।

यसले अविश्वासीसँग विवाह गर्नको निम्ति तपाईंलाई प्रेरणा नदिओस्। ख्रीष्टियानहरूका बीचबाट नै घनिष्ठ सङ्गी छान्नुहोस्। परमेश्वरको इच्छाबाट तपाईंलाई यताउति लगेर, अविश्वासीसँग विवाहमा बाँधिदिई तपाईंको जीवन नाश गर्ने मौका शैतानलाई नदिनुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**५** परमेश्वरको सेवा नगर्ने स्त्रीहरूलाई विवाह गरी आफ्नो जीवनलाई बर्बाद गर्ने दुइ जवान पुरुषहरूका नाउँको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्

**क** अब्राहाम **ग** नोआ
**ख** सोलोमन **घ** शिमसोन

**६** २ कोरिन्थी ६ः १४-लाई कण्ठ गर्नुहोस् र तपाईंले ठीक किसिमले मुखस्थ भन्न सक्नुहुन्छ कि हुँदैन भनी हेर्नलाई कसैलाई सुन्न लगाउनुहोस्।

**७** २ कोरिन्थी ६ः१४-ले खीष्टियानहरूलाई कस्तो सन्देश दिन्छ?

.....................................................................

## आफू मञ्जुर छु भन्ने कुरामा निश्चित हुनुहोस्

तपाईंले विवाह गर्ने व्यक्ति ख्रीष्टियान भएर मात्र पुग्दैन। विशेष कुराहरूमा तपाईंहरू मञ्जुर (सहमति) हुन सक्नुभएन भने तपाईंको घर आनन्दित हुन सक्दैन भनी बाइबलले बताउँछ।

धर्म वा विश्वासको सम्बन्धमा भएको वेमञ्जुरीले घरलाई धेरै वेखुशी पार्न सक्छ। परमेश्वरले तपाईंको जीवनमा जुन उद्देश्य राख्नुभएको छ, त्यसमा तपाईं र तपाईंको जीवन-साथी

मञ्जुर हुनैपर्छ। तपाईं कसरी उहाँको सेवा गर्न सक्नुहुन्छ, तपाईं कुन चर्चमा जानुहुन्छ, आफ्ना छोराछोरीहरूलाई कस्तो धार्मिक शिक्षा दिनुहुन्छ, सो सम्बन्धमा दुवै जना एउटै कुरामा मञ्जुर हुनैपर्छ। सिद्धान्तको विभिन्नताले पनि कहिलेकहीँ घरलाई विभाजित गरिदिन्छ। पति, पत्नी छुट्टाछुट्टै चर्चमा जानु घर शुरू गर्ने कमजोर तरीका हो।

कुनै पनि दुइ जना सबै कुराहरूमा पूर्ण सहमत हुँदैनन्। यसो हुनैपर्छ भनी तपाईंले आशा नगर्नुहोस्। तर पति र पत्नी आधारभूत सिद्धान्तहरूमा मञ्जुर हुनैपर्छ।

तपाईं र तपाईंले विवाह गर्ने आशा गर्नुभएको व्यक्ति तपाईंको घरको निम्ति बाइबलका स्तरहरूमा मञ्जुर हुनुहुन्छ? छोराछोरीहरूलाई कसरी अनुशासन गर्ने? पति र पत्नीका जिम्मेवारीहरू के-के हुन्? घरमा रुपियाँपैसालाई कसरी चलाउनेजस्ता कुराहरूमा तपाईंहरू मञ्जुर हुन सक्नुहुन्छ? यदि मञ्जुर हुन सक्नुहुन्न भने होशियारी हुनुहोस्। यस्तो बेमञ्जुरीले समस्या मात्र ल्याउँछ।

तपाईंहरू दुवैले परमेश्वरका निर्देशनहरूको अध्ययन गरेर उहाँले आफ्नो वचनमा तपाईंलाई दिनुभएका स्तरहरूमा तपाईं मञ्जुर हुनुभयो भने आनन्दित घर हुनमा यी पाठहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्।

**तपाईंको अभ्यासको निम्ति**

८ तपाईं र तपाईंले विवाह गर्नुहुने व्यक्ति कम-से-कम कुन-कुन चार कुराहरूमा मञ्जुर हुनैपर्छ, आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

९ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** यदि पति र पत्नी ख्रीष्टियान छन् भने, तिनीहरूको घर आनन्दित हुन्छ भनी हामी अनुमान गर्न सक्छौं।

**ख** ख्रीष्टियान घर स्थापना गर्न चाहने पुरुष र स्त्रीले आधारभूत सिद्धान्तहरूमा मञ्जुर हुनैपर्छ।

**ग** ख्रीष्टियान पति र पत्नी सबै कुराहरूमा पूरै मञ्जुर हुन सक्छन्।

**घ** पति र पत्नीले आफ्नो घरको निम्ति बाइबल स्तरहरूमा मञ्जुर हुनु अति नै महत्त्वपूर्ण छ।

१० घरको स्थापना गर्न चाहने जोडीहरूले आफू आधारभूत सिद्धान्तहरूमा मञ्जुर छन् कि छैनन् भनी कहिले जान्नुपर्छ जस्तो तपाईंलाई लाग्छ?

**क** विवाहको पहिलो वर्षमा

**ख** तिनीहरूको मगनी भइसकेपछि

**ग** तिनीहरूको मगनी हुनुभन्दा पहिल्यै

---

## व्यक्तिगत गुणहरू

---

### गुणहरूको महत्त्वपूर्णता

तपाईंले विवाह गर्न चाहनुभएको व्यक्तिमा कस्ता खालका गुणहरू भएको तपाईं चाहनुहुन्छ? कोही-कोही जवान मानिसहरूले यसो भन्छन्ः "मैले विवाह गर्ने केटी सुन्दरी, सक्षम र शिक्षित हुनैपर्छ। तिनी महत्त्वपूर्ण र धनी परिवारबाट आएकी हुनैपर्छ।"

यिनीहरूमध्ये कुनै-कुनै कुराहरू चाहिन्छन् होला तर यिनीहरू कुनैले पनि सफल विवाहको निश्चयता दिन सक्दैनन्। वास्तवमा भन्ने हो भने, एक सुन्दरी जवान केटी आफ्नो सुन्दरताको कारणले घमण्डी र कामै नलाग्ने हुन सक्छे।

विवाह भइसकेपछि पनि त्यसले आफ्नो सुन्दरताले मानिसहरूलाई आफूतिर आकर्षित गर्न सक्छे।

धनी परिवारबाट आएकी केटीले, भर्खरै काममा लागेको लोग्नेबाट यो र त्यो जुटाइदिने माग गर्छे र उसले ती कुराहरू उसलाई पुऱ्याइदिन सक्दैन।

सुन्दरता, शिक्षा र असल सामाजिक तहले सहायता पुऱ्याउन सक्छन् तर असल चरित्र, एकै किसिमका इच्छाहरू, असल बानी र असल स्वास्थ्यजस्ता गुणहरू यी कुराहरूभन्दा पनि अझ धेरै महत्त्वपूर्ण छन्।

**तपाईंको अभ्यासको निम्ति**

**१ १** विवाहलाई आनन्दित नतुल्याउने दुइ गुणहरू के-के हुन्?

......................................................................

**व्यक्तिगत चरित्र**

आफ्नो पूरै जीवनभरि नै कस्तो खालको व्यक्तिसँग तपाईं जिउन चाहनुहुन्छ– आनन्दित वा गनगने? मैत्रीक वा झगड़ालु? धीरजी वा सजिलैसँग निराश हुने? दयालु वा अधीन गर्ने? क्षमा दिने वा बदला लिने? सहयोगी वा असन्तुष्ट? उदारदायिक वा स्वार्थी? विश्वासयोग्य वा शङ्कालु?

कस्तो खालको व्यक्तिलाई तपाईंले हेरिरहनुभएको छ? असल इज्जत भएको वा झगड़ालु? सधैंभरि ईमानदार वा तपाईंलाई झुक्काउने? कड़ा परिश्रम गर्ने वा अल्छी? सहनशील वा सजिलैसँग निराश हुने? विश्वासयोग्य वा अविश्वासयोग्य?

पूरै बाल्यावस्थाभरि नै चरित्र निर्माण र विकास भइरहन्छ। तपाईंले मन पराएको व्यक्ति कस्तो छ भन्ने कुरा उसको घरको

चालचलनले पनि केही हदसम्म बताउँछ। यो प्रख्यात भनाइ धेरै पल्ट सत्य ठहरिन्छ। "जस्तो बाबु, त्यस्तै छोरो।" "जस्ती आमा, त्यस्तै छोरी।" बालकले प्रायःजसो आफ्ना बाबु वा आमाको उदाहरण पछ्याउँछ। यद्यपि, ख्रीष्टियानको पारिवारिक तालीम धेरै कमजोर भएको भए तापनि परमेश्वरको अनुग्रहको शक्तिद्वारा उसले आफ्नो जीवनलाई परिवर्तन गर्न सक्छ। त्यहाँ यस्ता मानिसहरू पनि छन्, जो असल घरानाबाट आएका भए तापनि तिनीहरूले आफ्ना आमा-बाबुको असल उदाहरण पछ्याउनलाई इन्कार गरेका छन्। यसैले घरको आधारमा तपाईं केही विशेष गुणहरूलाई हेर्न सक्नुहुन्छ, तर पूरै रूपमा परिवारकै आधारमा व्यक्तिको चरित्रको निर्णय नगर्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**१२** तपाईंको पति वा तपाईंकी पत्नीमा तपाईं के-के गुणहरू भएको चाहनुहुन्छ, आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्।

**१३** तपाईंले बनाउनुभएको सूचीअनुसार आफैलाई जाँच्नुहोस्। तपाईंसँग भएका गुणहरूको अगाडि "असल" र तपाईंले अझै विकास गर्नुपर्ने गुणहरूको अगाडि "कमजोर" लेख्नुहोस्।

असल पति वा पत्नी हुनको निम्ति आवश्यक गुणहरू विकास गर्नको लागि परमेश्वरको सहायताको निम्ति उहाँसँग बिन्ती गर्नुहोस्।

**असल बानीबेहोराहरू**

बानीहरूलाई छोड्नु गाह्रो कुरा हो। यदि कुनै व्यक्तिका

बानीहरूले अहिले तपाईंलाई रीस उठाउँछ भने, विवाह गरेपछि यी सबै कुराहरू ठीक-ठाक भइहाल्छ भनी विचार नगर्नुहोस्। "कुनै पनि मानिसलाई परिवर्तन गर्नको निम्ति उससँग विवाह नगर्नुहोस्," भन्ने भनाइ याद गर्नुहोस्। आफ्नो पति वा आफ्नी पत्नीलाई आफूजस्तै बनाउन सक्छु भनी नसोच्नुहोस्।

साँचो प्रेमले पति वा पत्नीलाई एक-अर्काका कुराहरू सहने र महत्त्वपूर्ण नभएका कुराहरूलाई बिर्सिदिन लगाउँछ। र महत्त्वपूर्ण कुराहरूमा तिनीहरू एउटाले अर्कालाई सहायता गर्नैपर्छ। आफ्नो जीवन-साथी हुने व्यक्तिका बानीहरू के-कस्ता छन् भनी विचारै नगरी अन्धो भएर विवाह नगर्नुहोस्। यी बानीहरूले त्यस व्यक्तिको चरित्रको बारेमा स्पष्ट पार्छ र भविष्यमा तपाईं के आशा गर्न सक्नुहुन्छ सो पनि देखाउँछ।

के उनी वा तिनी सफा वा फोहोरी छन्? मिलनसार वा निन्दक छन्? चलाख वा लाटो छन्? के तिनी वा उनी सधैं-भरि बोलिरहन्छन् वा अरूहरूले भनेका कुराहरूलाई चाख दिएर सुन्छन्? परमेश्वर र एकलेसिया (मण्डली)-प्रतिको जिम्मेवारी-लाई ईमानदारसाथ पूरा गर्छन्? उनले वा तिनले आफ्ना दाजुहरू, दिदीहरू र आमा-बाबुसँग कस्तो व्यवहार गर्छन्?

### तपाईंको अभ्यासको निम्ति

तलको अभ्यासको निम्ति आफ्नो अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।

**१४** तपाईंको जीवन-साथीमा कुन-कुन बानीहरू भएकोमा तपाईंको विवाह आनन्दित हुँदैनजस्तो तपाईंलाई लाग्छ, ती बानीहरूको सूची बनाउनुहोस्।

१५ यी दुवै सूचीहरूसँग आफूलाई जाँच्नुहोस् र आफ्नो निम्ति र आफूले छान्नुभएको जीवन-साथीको निम्ति प्रार्थना गर्नुहोस्।

**उस्तै इच्छा र व्यक्तित्वहरू**

तपाईंलाई सबैभन्दा महत्त्वपूर्ण लाग्ने कुराहरूलाई अलिकति पनि मन नपराउने व्यक्तिसँग के तपाईं आफ्नो पूरै जीवन बिताउन चाहनुहुन्छ? पति र पत्नीहरूले जब एउटै कुरालाई मन पराउँछन् तब तिनीहरूका घरमा आनन्द हुन सक्ने बढ़ी सम्भावना हुन्छ।

विपरीत चरित्रहरूले एक-अर्कालाई सहायता गरे भने कहिलेकहीं तिनीहरू असल पनि हुन सक्छन्। उदाहरणको लागि, धेरै बोल्ने व्यक्ति शान्त र राम्रोसँग कुरा सुन्नेसँग आनन्दित हुन सक्छ। आदर्श र सृजनात्मकवादी तर अव्यावहारिक व्यक्तिलाई सन्तुलनमा राख्नको निम्ति व्यावहारिक व्यक्तिको खाँचो पर्छ। यद्यपि, यदि पति र पत्नी बेग्लाबेग्लै चरित्र र व्यक्तित्वका भए भने, कठिन पर्न सक्छ। यदि कुनै जवान मानिस उद्देश्यवादी, कड़ा मेहनती, लगनशील र सक्रिय छ भने ढीली, मूर्ख र अल्छी पत्नीसँग सहनशील हुन उसलाई धेरै कठिन पर्छ।

आदमको निम्ति सुयोग्य सहयोगी हुन हव्वालाई सृष्टि गरिएको थियो। तपाईंको जीवन-साथी तपाईंको निम्ति सुयोग्य भएको परमेश्वर चाहनुहुन्छ। तपाईंहरू धेरै कुराहरूमा उस्तै हुनुभयो भने तपाईंहरूलाई एकैसाथ जिउन सजिलो पर्छ र तपाईंहरूमा भएको एकता र विभिन्नताले तपाईंको घर सन्तुलन बन्न पुग्छ

### तपाईंको अभ्यासको निम्ति

यी अभ्यासहरूका निम्ति आफ्नो अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।

**१६** तपाईंलाई मन पर्ने क्रियाकलापहरूको सूची बनाउनुहोस्। तपाईंको जीवन-साथीलाई ती धेरै कुराहरू मन पर्दैनन्, र उनले वा तिनले त्यसको विरोध गरे भने, झगड़ा हुने कारण नै यो हुन सक्छ।

**१७** आफूलाई कुन-कुन विषयमा कुरा गर्न मन लाग्छ, त्यसको सूची बनाउनुहोस्। यी विषयहरूका बारेमा तपाईंसँग कुरा गर्नको लागि तपाईंले विवाह गर्ने व्यक्ति इच्छुक छन् कि छैनन्?

### असल स्वास्थ्य

असल स्वास्थ्य घरको आनन्दको निम्ति मात्र होइन तर छोराछोरीहरूका खातिर पनि महत्त्वपूर्ण छ। आफ्ना छोराछोरीहरू, वंशबाट सर्दैआएको शारीरिक र मानसिक रोगको कारणले अपाङ्ग भएको तपाईं चाहनुहुन्छ, तर तिनीहरू स्वस्थ र बलिया भएका तपाईं चाहनुहुन्छ। धेरै देशहरूमा विवाह हुनुभन्दा पहिले शरीर जाँच र स्वास्थ्य प्रमाणपत्रको आवश्यकता पर्छ। तपाईं र तपाईंका छोराछोरीहरूलाई सुरक्षा गर्नलाई नै यस्तो गरिएको हो।

यसको अर्थ हरेक व्यक्तिको स्वास्थ्य सिद्ध हुनैपर्छ भन्ने हुँदैन। कोही-कोही व्यक्तिहरूले आफ्नो शारीरिक कमजोरीहरूमाथि विजय पाउनलाई सिकेका छन् र यसरी तिनीहरू असल पति, पत्नी र आमा-बाबुहरू बनेका छन्। हेरिनुपर्ने गुणहरूमा असल स्वास्थ्य सबैभन्दा महत्त्वपूर्ण होइन, तर यसको

पनि विचार गरिनै पर्छ। के तिनी मेरा छोराछोरीका निम्ति असल आमा बन्न सक्छिन्? के उनी मेरा छोराछोरीका निम्ति असल बाबु बन्न सक्छन्? भनी आफैलाई प्रश्न गर्नुहोस्। विवाहको निम्ति ठीक उमेर नपुगेकी र शारीरिक विकास नभएकी केटीसँग कुनै पनि केटाले विवाह गर्न खोज्नुहुँदैन।

**तपाईंको अभ्यासको निम्ति**

**१८** तपाईंको जीवन-साथीको शारीरिक र मानसिक स्वास्थ्य किन महत्त्वपूर्ण छ? ..........................................

## परिस्थितिहरू

परमेश्वरले परिस्थितिहरूद्वारा घरीघरी अगुवाइ गर्नुहुन्छ भन्ने कुरा हामीले उल्लेख गरिसकेका छौं। बाइबलका सुन्दर प्रेम कथाहरूमा यसलाई नमूनित गरिएको हामी देख्छौं।

एक मात्र साँचो परमेश्वरको सेवा गर्नका लागि रूथले आफ्नो घर र परिवारलाई छोड़ेर गइन्। बेथलेहेमको कटनी गरिएको खेतमा तिनी शिला-बाला खोज्न गईन् र तिनी त बोआजको खेतमा पुगिछिन्। परमेश्वरले तिनलाई अगुवाइ गर्नुभएको थियो। बोआजले तिनलाई भेटे र आफ्नी पत्नीमा आफूले देख्न चाहेको सबै गुणहरू उनले तिनमा देखे। तिनीहरूका विवाहमा बाधा ल्याउने केही कुराहरू थिएन, तर परमेश्वरले सबै कुरा मिलाउनुभयो। सबैले सहयोग गरे र यसरी तिनीहरूले विवाह गर्न सके।

रूथलाई अगुवाइ गर्नका लागि परमेश्वरले प्रयोग गर्नुभएको एउटा परिस्थितिचाहिँ पाका र अनुभवी व्यक्तिहरूको सल्लाह

हो। तिनले नाओमीको सल्लाहलाई स्वीकार गरी त्यसैअनुसार काम गरिन्। जवानहरूले परमेश्वरको इच्छा जानून् भनी तिनीहरूलाई सहायता पुऱ्याउनको निम्ति आमा-बाबु, पास्टर र पाका ख्रीष्टियानहरूका सल्लाहलाई उहाँले प्रायःजसो आज पनि प्रयोग गर्नुहुन्छ।

इसहाक र रिबेकाको विवाह बोआज र रूथकोभन्दा बेग्लै किसिमको थियो। विवाहको निम्ति रिबेका आउनुभन्दा पहिले तिनीहरूले एक-अर्कालाई देखेका थिएनन्। आफ्नो छोराको निम्ति पत्नी खोजिदिनका लागि अब्राहामले आफ्नो दासलाई पठाएका थिए। आफूलाई अगुवाइ गर्नका निम्ति दासले परमेश्वरसँग प्रार्थना गरे र अब्राहाम र इसहाकले पनि त्यही कुराको लागि प्रार्थना गरिराखेका थिए भन्ने कुरामा तपाईं निश्चित हुन सक्नुहुन्छ।

परमेश्वरले प्रार्थनाको उत्तर दिनुभयो र दासले प्रार्थना गरिरहेकै ठाउँमा रिबेकालाई ल्याइदिनुभयो। जब त्यो दास तिनी र तिनको परिवारसँग परिचित भयो, इसहाकको निम्ति सुयोग्य पत्नी हुने गुणहरू रिबेकामा भएको त्यस दासले देख्यो। परमेश्वरले अगुवाइ गरिसक्नुभएको छ भनी पूरै परिवारले थाहा पाए र रिबेकालाई इसहाकसँग विवाह गरिदिनको लागि पनि परिवार मञ्जुर भयो। तिनी दाससँगै गएर इसहाककी पत्नी हुन चाहन्छिन् कि भनी तिनलाई प्रश्न गरियो। तिनी मञ्जुर भइन् र उनको घरतर्फको लामो यात्रामा गइन्। तिनीहरूले एक-अर्कालाई प्रेम गरे र तिनीहरूको विवाह आनन्दित भयो।

जुन-जुन घरहरूमा विवाहको निम्ति आमा-बाबुले छान्ने र प्रबन्ध मिलाउने काम गर्छन्, परमेश्वरको अगुवाइको निम्ति तिनीहरूले प्रार्थना गर्नैपर्छ। विभिन्न परिस्थितिहरूद्वारा काम गर्नुहुने उही परमेश्वरले इसहाक र रिबेकालाई जसरी एकैसाथ ल्याउनुभयो, उहाँले आज पनि प्रार्थनाका उत्तरहरू दिनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

१६ परिस्थितिहरूद्वारा परमेश्वरले एकैसाथ ल्याउनुभएका बाइबलमा उल्लेखित दुइ दम्पत्तिहरूका नाउँ लेख्नुहोस्।

..........................................................................

## एक-अर्काप्रति प्रेम र स्वीकार

पति र पत्नीका बीचको साँचो प्रेमविना कुनै पनि विवाह आनन्दित हुन सक्दैन। पारस्परिक प्रेमले दुवै व्यक्तिलाई हामी एक-अर्काका हौं भन्ने कुराको सचेतना दिन्छ। एक-अर्कालाई खुशी तुल्याउन र आवश्यक सामञ्जस्य स्थापित गर्न यसले तिनीहरूलाई सहायता गर्छ। सबै थोकले भन्दा बढ़ी प्रेमले नै तिनीहरूलाई एक-अर्कासँग बाँध्छ।

यौन सम्बन्ध र शारीरिक आकर्षणभन्दा पनि प्रेमचाहिँ अझै ठूलो कुरा हो। साँचो प्रेममा आदर, इज्जत, कृतज्ञता र एक-अर्काको निम्ति विचारशीलता समावेश गरिएको हुन्छ। शारीरिक आकर्षण नै प्रेम हो भन्ने भूल नगर्नुहोस्। यदि आफ्ना भावनाहरूका बारेमा तपाईं निश्चित हुनुहुन्न भने, यस बारेमा प्रार्थना गर्नुहोस्। आफ्ना बाबु-आमा वा पाका ख्रीष्टियानहरूसँग यस बारेमा कुराकानी गर्नुहोस्।

रिबेका र इसहाकको जस्तै गरी परिवारहरूले नै विवाहको प्रबन्ध मिलाइदिए भने के हुन्छ नि? एक-अर्कालाई चिन्ने मौका पाउनुभन्दा पहिले त्यहाँ गहिरो पारस्परिक प्रेम हुन सक्दैन। तर विवाह गर्नुभन्दा पहिले एउटाले अर्कोलाई स्वीकार गर्नैपर्छ। प्रेम रोप्न सकिन्छ र यसलाई रोप्नैपर्छ। सबै साँचो

प्रेमका स्रोत, परमेश्वरले तपाईंले विवाह गर्न लाग्नुभएको व्यक्तिको निम्ति तपाईंमा प्रेम राखिदिनुहुन्छ, र तपाईंको निम्ति त्यस व्यक्तिमा पनि उहाँले प्रेम राखिदिनुहुन्छ।

> अनि तिनीहरूले रिबेकालाई डाकेर भने, "के तिमी यस मानिसको साथमा जान्छ्यौ?" तिनले भनिन्, "म जान्छु।" इसहाकले रिबेकालाई आफ्नी आमा साराको पालमा लगेर आफ्नी पत्नी तुल्याए, र तिनलाई प्रेम गरे... (उत्पत्ति २४:५८,६७)।

परमेश्वरको स्तरअनुसार विवाह गर्ने बारेमा हामीले कुराकानी गरिराखेका छौं। यदि तपाईं ख्रीष्टियान हुनुहुन्छ भने एक-अर्कासित आकर्षित नै भए तापनि तपाईंले अख्रीष्टियानसँग विवाह गर्नुहुँदैन।

### तपाईंको अभ्यासको निम्ति

**२०** विवाहको निम्ति आधार हुने कुन-कुन गुणहरूले प्रेमलाई निर्माण गरेको हुन्छ? ............................................

..........................................................................

यदि तपाईंले कोही व्यक्तिसँग विवाह गर्ने विचार गरिरहनुभएको छ भने तपाईंले बनाउनुभएको तालीकामा तपाईंका भावनाहरूको जाँच गर्नुहोस्। के तपाईंलाई यस्तै लाग्छ त? के ती व्यक्तिले तपाईंप्रति पनि यस्तै विचार राख्छन् (राख्छिन्) त?

साँचो प्रेम नभएको आकर्षणद्वारा तपाईं धोकामा नपर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्। तपाईंको जीवनको यस महत्त्वपूर्ण समयमा परमेश्वरको अगुवाइको निम्ति उहाँसँग प्रार्थना गर्नुहोस्।

**परमेश्वरको इच्छाको निश्चयता**

प्रायःजसो परमेश्वरको अगुवाइ विशेष प्रकाशद्वारा आउँदैन, तर हामीले यहाँ उल्लेख गरेका विभिन्न तरीकाहरूको संयुक्तिद्वारा आउँछः बाइबलका स्तरहरू, ठीक गुणहरू, परिस्थितिहरू, पारस्परिक प्रेम र स्वीकार र परमेश्वरको इच्छाको निश्चयता।

यो निश्चयता यस विषयमा तपाईंले प्रार्थना गर्नुहुँदा तपाईंको मनमा भएको शान्तिको अनुभवबाट हुन सक्छ, र परमेश्वरको इच्छा यही नै हो भनी तपाईंमा गहिरो विश्वास आउन सक्छ। यो एकतर्फी मात्र हुनुहुँदैन; पुरुष र स्त्रीले यस बारेमा प्रार्थना गर्नैपर्छ र यो निश्चयता प्राप्त भएको हुनैपर्छ।



परमेश्वरको अगुवाइ हाम्रो जीवनमा आइराखेको हुन्छ। अन्य बाटोहरूमा अगुवाइ गर्नुभन्दा पहिले वा पछाड़ि यो निश्चयता आउन सक्छ। वा कसैलाई यो अर्कोलाई भन्दा चाँड़ो आउन सक्छ। कहिल्यै पनि हतार नगर्नुहोस्। तपाईंलाई अगुवाइ गर्नका लागि परमेश्वरले प्रयोग गर्नुहुने अन्य तरीकाहरूद्वारा तपाईंका भावनाको जाँच गर्नुहोस्।

तपाईंले हेरिसक्नुभएका सबै व्यक्तिगत गुणहरू भएको कुनै पनि व्यक्तिलाई तपाईंले भेट्टाउनुभएन भने पनि तपाईंले फिक्री नगर्नुहोस्। अर्को व्यक्तिको सूचीमा हेर्दा तपाईंमा पनि धेरै अपुग गुणहरू भेटिन्छन् होला। आनन्दित ख्रीष्टियान घरको निम्ति सबैभन्दा महत्त्वपूर्ण गुणहरू के-के हुन् सो कुरा छनोट गर्ने व्यक्तिले हेर्नुपर्छ। यी नै गुणहरूलाई तपाईंले आफ्नो चरित्रमा दैनिक रूपमा वृद्धि गर्नु आवश्यक हुन्छ।

तपाईंको निम्ति परमेश्वरले उत्तम ठहऱ्याउनुभएको व्यक्तिलाई प्राप्त गर्नका लागि उहाँले तपाईंलाई आशिष् दिई अगुवाइ गर्नुभएको होस्।

**तपाईंको अभ्यासको निम्ति**

**२१** जीवन-साथीको छनोटमा परमेश्वरको अगुवाइ प्रायःजसो कसरी आउँछ?

**क** विभिन्न तरीकाहरूको संयुक्ति

**ख** विशेष प्रकाश

# टिप्पणीहरू

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

११ (कुनै दुइवटा)
सुन्दरता, शिक्षा, सामाजिक स्थान।

१ तपाईंको जीवन-साथीले तपाईंको जीवनमा पार्ने प्रभावको कारणले, छनोटचाहिँ पूरै जीवनभरिको लागि हो।

१२ तपाईंको उत्तर।

२ परमेश्वरको वचनमा।

१३ तपाईंको उत्तर।

३ तपाईंको अगुवाइको लागि परमेश्वरसँग प्रार्थना र बिन्ती गर्नुहोस्।

१४ तपाईंको उत्तर।

४ पाठसँग तपाईंको उत्तर जाँच्नुहोस्।

१५ तपाईंको उत्तर।

५ क. सोलोमन।
ख. शिमसोन।

१६ तपाईंको उत्तर।

६ कुनै पनि उत्तर छैन।

१७ तपाईंको उत्तर।

७ क ख्रीष्टियानले ख्रीष्टियानलाई नै विवाह गर्नुपर्छ।

१८ घरको आनन्द र छोराछोरीको भलाइको निम्ति।

८ आफ्नो उत्तरलाई पाठसँग जाँच्नुहोस्।

१६ बोआज र रूथ, इसहाक र रिबेका।

६ **क** बेठीक **ख** ठीक
**ग** बेठीक **घ** ठीक

२० आदर, इज्जत, कृतज्ञता विचारशीलता।

१० ग. तिनीहरूको मगनी हुनुभन्दा पहिल्यै भनी म छान्छु, यसरी बेमञ्जुरी समाधान गरिनेछ वा सम्बन्ध विच्छेद गर्न सकिनेछ।

२१ क. विभिन्न तरीकाहरूको संयुक्ति।